# युवामा बढ्दो  कुलतः एक सामाजिक कलङ्क

**Author:** *Dr. Buddhi Prasad Paudel*

## विषय प्रवेश

लागू पदार्थ दुर्व्यसनी विश्वव्यापी समस्या बन्दै गैरहेको छ ।यसबाट हजारौं मानिसहरु प्रभावित छन् ।पछिल्ला केही वर्षहरुमा नेपाली समाजमा लागु औषधिको प्रयोग बारे सरोकार बढ्दै गएको छ ।दिन प्रतिदिन लागू पदार्थको दुर्व्यसनीमा फस्नेहरुको संख्या वृद्धि हुँदै गैरहेको छ ।विभिन्न कारणहरुले गर्दा युवा युवतीहरु लागू औषधिको दुर्व्यसनीमा फस्ने र जीवन गुमाउनेक्रम बढ्दो छ । लागू पदार्थ दुर्व्यसनीमा फस्ने व्यक्तिहरुमात्र नभएर परिवार समाज र राष्ट्र कै स्वास्थ्य अवस्थामा प्रभाव पार्ने भएकाले कुलतको समस्या ठूलो चुनौति बनेको छ ।

## ऐतिहासिक पृष्ठभूमि

नेपाली समाजमा वर्षौं पहिले देखि गाँजा र रक्सीको प्रयोग हुँदै आएको छ ।यो कतिपय जातीमा सांस्कृतिक रुपमा प्रयोग हुँदै आएको र त्यसले खासै समस्या नपारेको भएपनि पछिल्ला दशकहरुमा प्राकृतिक बाट कृत्रिम केमिकल तथा धुम्रपान र मुखबाट सेवनको सट्टा सुईद्वारा प्रयोग गर्ने बानीले गर्दा एच आई भी एडस

लगायतका रोगहरु सर्ने संभावना बढेर गएको छ ।पुरानो सायमा गाँजा भाँङ्गको प्रयोग जोगी र बुढापाकाहरुले शिवरात्री होली जस्ता पर्वहरुमा रमाईलो र आनन्द लिनका लागि प्रयोग गर्दथे ।यसरी सेवनकर्ताको संख्या ज्यादै न्यून हुँदा खासै ठूलो सामाजिक र आर्थिक समस्या थिएन ।

विश्वको सबैभन्दा पुरानो चिकित्सा पद्धति आयुर्वेदमा अफिम, भाङ्ग आदिलाई मदकारी वा नशा दिने जडीबुटी र उपविषका रुपमा व्याख्या गरिएको छ ।विश्वकै सबैभन्दा पुरानो ग्रन्थ वेदमा धेरै जडिबुटीहरुको व्याख्या पाइन्छ । ३००० वर्ष पहिले लेखिएका चार वेद मध्ये अथर्ववेदमा वेदव्यासले भगवानले दिएका पाँच महत्वपूर्ण बोट मध्ये गाँजा एक हो ।यसले हामीलाई खुशी हुन, तनावमुक्त रहन, ध्यानमग्न हुन सहयोग गर्ने औषधि तथा संसारमा खुशी फैलाउने र भगवानको नजिक बनाउने बोट हो भनिएको छ।अमृत निकाल्न समुद्र मन्थन गर्दा निस्किएको हलाहल विषबाट राक्षस र देवतालाई बचाउन सो विष पिएका भगवान शिवलाई विषको असर कम गर्न गाँजाको प्रयोग गरिएको थियो भन्ने छ ।परिवारसित झगडा भएर पृथ्वीमा आएका भगवान शिव एउटा बोटमुनि सुतेछन् । ब्युँझिएपछि त्यही बोटको प्रयोग गर्दा तनावमुक्त र एकदम खुशी भएछन् त्यसपछि उनको त्यो सबैभन्दा प्रिय वनस्पति भएछ भन्ने किंबदन्ति छ ।मार्टिन लुथरको गाँजाको इतिहास भन्ने पुस्तकमा नेपालमा

सैनिकलाई लडाईमा पठाउनुपूर्व तनाव र डर कम गर्न गाँजा सेवन गराइन्यो भनिएको छ ।हजारौ वर्ष पहिले देखि मानिस र जनावरमा दुखाई भएमा, निद्रा नलागेमा र थकाई मेटाउन गाँजाको प्रयोग गर्ने गरिन्थ्यो । इकोनोमिक बोटानी नामक पुस्तकका अनुसार १९ औं शताब्दीमा नेपालका वारा, पर्सा, सिराहा, सर्लाही, धनुषा, महोत्तरी आदि जिल्लामा नगदेबालीका रुपमा गाँजा खेति गरिन्थ्यो ।दोश्रो विश्वयुद्ध ताका नेपालबाट उत्पादित गाँजा र हेसिस विश्व प्रख्यात थियो ।१९७२ तिर नेपाल र मोरक्को ले विश्व मागको ५० प्रतिशत आपूर्ति गर्थे भनिन्छ ।

## हिप्पि संस्कृति र लागू औषधि

१९६० को दशकमा नेपालको मुटुमा बसेको प्राचीन शहर काठमाडौमा पश्चिमाहरु भित्रिंदै थिए ।रङ्गीचङ्गी कपडा लगाएका सामान्य विदेशी पर्यटक भन्दा भिन्न देखिने अनौठा विदेशी थिए हिप्पी ।१९६५ देखि १९७४ सम्म हिप्पीको नेपालमा ठूलो रवाफ थियो ।दोश्रो विश्वयुद्धको चरम उत्कर्षका बेला अमेरिका र सोभियत संघले कडा प्रतिस्पर्धा गरिरहेका थिए ।भियतनाम युद्ध, सामाजिक विभेद, हक अधिकारका कुरा, युद्ध विरोधी मानसिकताका कारण समाजमा भएका परम्परागत संस्कारलाई छाडेर काउन्टर कल्चरतिर ढल्किएका अमेरिकी युवाहरु आध्यामिकता पर्यावरणवाद शाकाहारीवाद साईकोडेलिक अन्वेषण समानता आदि मान्यता र एजेण्डाका साथ

हिप्पी संस्कृति विकास गरेको पाइन्छ ।आफ्नै ढङ्गको लगाई खुवाई चाल ढाल सोचाई र हिडाई भएका जिङ्ग्रिङ्ग परेको कपाल लामो दाह्री फुस्रो अनुहार अनि भ्याङ्ग्ले कपडा लगाएर हिड्ने हिप्पी हिड्दै वा रङ्गीचङ्गी गाँडी चढेर नेपाल भिधिएका थिए । दोश्रो विश्वयुद्ध ताका अमेरिका युरोपमा मात्र नभएर संसारभरी हिप्पी गितिविधि देखिन थाल्यो । हिप्पी ट्रेल भनेर चिनिने युरोपका लण्डन एम्सट्राडेमबाट शुरु हुने हिप्पी यात्रा पाकिस्तान अफगानिस्तान भारत भएर पुरानो सिल्क रोड हुदै प्रमुख गन्तव्यका रुपमा नेपाल आइपुगेका थिए । स्वच्छ हावापानी, चारैतिर हिमाल र पहाडले घेरिएको अनि चोकैपिच्छे मठमन्दिरले सिंगारिएको प्राचीन काठमाडौं आर्थिक रुपमा पनि सस्तो र राम्रो मनोहर रहस्यमय गन्तव्य हिप्पीहरुले नेपाललाई बनाउनुको प्रमुख कारण नेपालमा खुलेआम रुपमा पाइने गाँजा थियो ।१९६० को दशकमा फ्रिक स्ट्रिट भनेर चिनिने काठमाडौको वसन्तपुर झोंछे क्षेत्रमा गाँजा मात्र नभएर गाँजाको चिया, कफी पनि प्रशस्त बिक्रीवितरण गरिन्थ्यो ।हिप्पीको आगमनले नेपालको अर्थतन्त्रमा राम्रै प्रभाव परेको थियो । यो समयमा वार्षिक १ लाख डलर भन्दा बढी व्यापार गाँजा खेतीबाट गरेको देखिन्छ ।१९६२ मा ६००० पर्यटक आउने नेपालमा १९७८ को अन्ततिर एकलाख असीहजार पुगिसकेको थियो ।१९६८ मा ५ वटा होटल रहेको पोखरामा १९७४ मा ३४ वटा होटल

पुगिसकेका थिए ।त्यो बेला नेपालको चरेश न्यूयोर्क सम्म पुग्थ्यो भन्ने गरिन्छ ।यसै समय अमेरिकामा ड्रगवार शुरु भयो ।आफ्ना नागरिकहरु देशभित्रमात्र नभएर युरोप र एशियाको विभिन्न ठाँउँमा ड्रगको शिकार बन्न थालेको भनेर १९७० को दशकको शुरुबाटै अमेरिकाले ड्रगको आपूर्ति र प्रयोग बन्द गर्न थाल्यो ।सन्१९७१मा अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले अमेरिकाको सबैभन्दा ठूलो शत्रु ड्रग्स भएको घोषणा गर्दै यसको प्रयोगलाई अमेरिकाबाट हटाउन हरसम्भव प्रयास गर्ने घोषणा गरेका थिए ।

हिप्पीहरु माझ बढ्दो काउन्टर कल्चरले कम्युनिष्टहरु आफूभन्दा अगाडी बढने अनि आफ्नो विचार झन कमजोर हुँदै जाने देखेर यो संस्कारलाई हटाउनु अमेरिकाको सबैभन्दा ठूलो चुनौति बनेको थियो ।अमेरिकाको विश्वव्यापी ड्रग विरोधी अभियानले नेपालमा रहेका हिप्पी हरुमा पनि प्रत्यक्ष प्रभाव पर्यो ।१९७२ मा अमेरिकाले ड्रग विरुद्धको प्रयासलाई सहयोग नगर्ने कुनै पनि राष्ट्रलाई अमेरिकी सहयोग रोक्ने घोषणापछि नेपालमा पनि त्यसबारे बहस शुरु भएको थियो ।

संयुक्त राष्ट्रसंघ र संयुक्त राज्य अमेरिकाको दवावपछि तत्कालीन श्री ५को सरकारले खुलेआम रुपमा विक्रीवितरण गाँजा र अफिमलाई १९७३ मा प्रतिबन्ध लगायो । त्यतिबेला उत्पादन र विक्रीवितरणका लागि प्रदान गरिएका सम्पूर्ण लाईसेन्स खारेज

गरियो ।जसका कार० किसान र व्यवसायीले ठूलो नोक्सानी व्यहोर्नु परेको थियो ।यसले नेपालको अर्थतन्त्र र पर्यटनमा पनि ठूलो प्रभाव पार्यो ।तत्कालीन न्यूओर्क टाइम्सका अनुसार नेपालले ३ लाख अमेरिकी डलर बराबरको राजस्व गुमाएको थियो ।काउन्टर कल्चरको प्रभाव बढिरहेको, नेपाली युवाहरु लागू पादार्थको कुलतमा फस्ने क्रम बढेको आदि कारणले राजा वीरेन्द्रले हिप्पीहरुको भिषामा कडाई गर्नुका साथै राज्याभिषेकको समयमा नेपालबाट हिप्पी हटाउने निर्णय गरेका थिए ।

दुर्व्यसनीको परिचय

नेपाली बृहत शब्दकोषका अनुसार कुलत भनेको नराम्रो बानीव्यहोरा, खराब वा नजाती लत, कुव्यसन हो ।मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ लागु पदार्थ वा औषध हो । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागु पदार्थ भनिन्छ ।यस्ता पदार्थले मानिसको केन्द्रीय स्नायू प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाईमा परिवर्तन ल्याउँदछ ।कानूनद्वारा निषेधित गाँजा, अफिम, हिरोइन, मर्फिन, कोकिन आदि अवैध लागू औषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानूनद्वारा

नियन्त्रित लागू पदार्थ हो ।विश्व स्वास्थ्य संगठनले लागू पदार्थलाई स्वस्थ शरीरको लागि प्रयोग गर्न आवश्यक नभएको पदार्थ भनि परिभाषित गरेको छ।

लागु औषध नियन्त्रण ऐन ३३ को दफा ३ मा लागू औषधलाई गाँजा, औषधोपयोगी गाँजा, अफिम, तैयारीको अफिम, औषधोपयोगी अफिम, कोकाको झार र पात एवं अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिलाई तयार गरिने कुनै पदार्थ तथा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोदीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तीनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनु पर्दछ भनि परिभाषित गरिएको छ।

मुख्य गरेर लागु पदार्थहरूलाई दुई भागमा बिभाजन गरिएको छ ।

प्राकृतिक लागु पदार्थः- प्राकृतिक रुपमा उम्रने वा मानिसद्धारा उत्पादित पदार्थहरू जस्तै— गाजा, चरेस, भाङ्ग, धतुरो, अफिम, रक्सी, आदिलाई प्राकृतिक लागु पदार्थ भनिन्छ ।

औषधि जन्य लागु पदार्थः— मानव जीवन रक्षाको लागि निर्मित औषधिजन्य पदार्थहरू जसलाई चिकित्सकको सल्लाह विपरीत नशा लिनको लागि प्रयोग गर्दछन् त्यसलाई

औषधिजन्य लागु पदार्थ भनिन्छ । जस्तैः- नाइट्रोसन, नाइट्रोभ्याट, प्रोक्सीभोन,, नोर्फिन, कोडिन, कोरेक्स, फेन्सीडिल, फेनकोडिन नो—कफ आदि ।

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६का अनुसार लागू औषध दुर्व्यसनका कारणहरू देहाय अनुसारका रहेको पाइएको छः साथीसँगीको दबाब, मनोरञ्जनका लागि, उत्सुकता, खुसी हुन, मानसिक तनाव, पारिवारिक समस्या, डिप्रेसन, पढाईमा समस्या ।

लागु औषध प्रयोगकर्ताहरूमा देहाय अनुसारका कुनै वा सबै लक्षणहरू देखिन सक्दछन।

एकान्तमा बस्न रुचाउने, असमान्य व्यवहार देखाउने, दुव्लाउदै जाने, पढ्न मन नगर्ने, अपराध कर्ममा लाग्ने, धन सम्पतिको बरबादी तिर लाग्ने, समाजमा बिभिन्न प्रकारका अपराधहरू घट्दै जाने, सामाजिक मुल्य र मान्यताहरू भत्किदै जाने आदि ।

लागु पदार्थको सेवनबाट हुने असरहरूलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छः

शारीरिक असरः- एच.आई.भि./एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रूची नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।

मानसिक असरः- एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

पारिवारिक तथा सामाजिक असरः- पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने, अनैतिक कार्यमा संलग्न हुने आदि।

नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ का अनुसार नेपालमा १३०४२४ जना लागू औषध प्रयोगकर्ता रहेको देखिन्छ। यस अघि ६९ मा गरिएको सर्वेक्षणमा ९१५३४ जना प्रयोगकर्ता थिए। २०७६ को सर्वेक्षण प्रतिवेदन अनुसार लागू औषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.०६ प्रतिशत रहेको छ।

लागु औषधको प्रयोगबाट प्रयोगकर्ताहरूमा हेपाटाइटिस बी/सी, क्षयरोग, एच.आई.भि./एड्स, यौन सम्पर्क बाट सर्ने रोग, कुपोषण लगायत विभिन्न स्वास्थ्य

समस्या देखापर्दछन्।त्यसैगरी लागु औषधको सेवनबाटै व्यक्तिको अकालमा ज्यानै पनि जाने गर्दछ।

लागू औषधको प्राप्तिको श्रोत साथीसंगी, डुलन्ते विक्रेता ,औषधी पसल, अन्य पसल इन्टरनेटको माध्यम  हुन् ।

लागू पदार्थ दुर्व्यसनी रोकथाम र कुलत मुक्तिमा आयुर्वेदको भूमिकाः

आयुर्वेद चिकित्सा पूर्वीय सनातन स्वास्थ्य संस्कृति र अनुशासन सिकाउने विद्या हो । सनातन हिन्दु संस्कार, व्यक्ति परिवार र समाजको सुसम्बन्ध, तीन पुस्ते पारिवारिक जीवन व्यक्तिका शुभचिन्तकको पहिचान,  मातृदेवो भवः, पितृदेवो भवः, आचार्य देवो भवः, अतिथि देवो भवः, बसुधैव कुटुम्बकम् अनि परोपकारिता, इमान्दारिता, नास्ति मातृसमा प्रिया, आत्मवत् सर्वभूतेषु, नास्ति भार्या समं मित्रम् , सर्वे भवन्तु सुखिन , यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता,  मातृलाभे सनाथत्वमनाथत्वं विपर्यय, असल पारिवारिक संस्कार, सुसंस्कृत परिवार योजना, आतिथ्य धर्म, पारिवारिक शिष्टाचार, दानशीलता, परम्परा निर्वाह, उत्सवमय पारिवारिक माहोल, सरसफाई, छोराछोरीलाई उत्तम संस्कार, कुलको कुलीनताको

रक्षा, परिवारको केन्द्रविन्दु भावशक्तिहो भन्ने चेत आदि यस्ता तत्व हुन जसले कुलतमा लाग्नबाट जोगाउँदछन् ।

पारिवारिक पृष्ठभूमि, संस्कृति, संस्कार, आहारविहार, आचारविचार, देशपरिवेश, आध्यात्मिकता, अविभावकत्व, शिक्षादीक्षा, एकअर्काको प्रशंसा, आपसी कुराकानी, सँगै समय बिताउनु, एकले अर्कालाई उत्प्रेरणा, अनुकूल वातावरण, स्पष्ट भूमिका, परिवारप्रतिको प्रतिबद्धता, धार्मिक र आध्यात्मिक सामाजिक सम्बन्ध, परिवारमा हुनुपर्ने उर्जामय वातावरण भावनाशक्तिका पृष्ठभूमी तयार पार्ने आधार केही कारक तत्व हुन् ।

व्यस्तताले परिवार कै वेवास्ताका कारण आफ्ना सन्ततिहरु कुलतमा फसेका धेरै उदाहरणहरु समाजमा देख्न पाइन्छ ।

नातासम्बन्धको मर्मविन्दु हो गाँस्न सजिलो जोगाउन गाह्रो भन्ने चेत, सुसम्बन्ध कला र शैली, असल सम्बन्धको सुगन्ध, सुसम्बन्ध महामन्त्र, श्रीमान श्रीमतिमा अभिन्नता बोध, जन्मदाता बाबुआमाप्रति समर्पण, आशिर्वाद ग्रहण, बाबुआमाको सम्बन्ध तपाईको बाबुआमाको प्रेम जहाँ कुनै खोट हुँदैन बुढापाकाहरु भार होइनन भाग्य हुनभन्ने चिन्तन, दाजुभाईदिदिबहिनीहरुमा आत्मीयता रक्षक र पोषक हुन्छ भन्नी

मान्यताको आत्मीकरण, आत्मीय प्रेम र अन्तर्विश्वास सम्झौता होइन समझदारी भन्ने परिकल्पना सम्बन्ध सुखका आधारशिलाहरु हुन ।

सन्तति सुख एउटा उच्चकोटिको सुख हो । हरेक दम्पतिले सिक्नुपर्ने सुसन्तति विज्ञान, गर्भसंस्कारको अनिवार्यता, गर्भैदेखि बच्चाले सिक्ने कुराहरु सन्तति सुखका आधारहरु हुन ।

छोराछोरीको सन्तुलित लालनपालन, सन्ततिलाई जीवनोपयोगी शिक्षादीक्षा, सम्पत्ति भन्दा संस्कारलाई महत्व, प्रतिभाशाली बनून हाम्रा छोराछोरी भन्ने कामना र भावना सन्तति सुखभोग आधारशिलाहरु हुन ।

पितापुर्खाले थामी ल्याएको संस्कृतिको निरन्तरता, घरको प्रतिष्ठा नै संस्कार परम्परा हो भन्ने मान्यता, सनातन १६ संस्कार, घरायसी सुख शान्ति र बोलीवचन, परिवारमा शून्य भेदभाव, परिवार नै चरित्र सिक्ने विश्वविधालय हो भन्ने चेत, घरपरिवारको स्वास्थ्य सरोकार, परिवारमा सुव्यवस्थित दिनचर्या, जन्मोत्सव घर मै मनाउने परिपाटी, घरको भान्सा निरोगालय बनोस् भनेर पालना गरिने भान्सा अनुशासन, पारिवारिक सुख शान्ति र आर्थिक उन्नति, घरेलु योगाभ्यासको दैनिकी गृहस्थ सुखका स्तभ्भहरु हुन्।

नमस्कार गर्ने शैली, धन्यवाद र कृतज्ञता, शिष्ट र सभ्य, सद्गुण हुर्काउने दुर्गुण उखेल्ने, रिस नियन्त्रण कला, हरेकलाई आदर र कदर गर्ने बानी, कुसंगतको त्याग, व्यवहारशैली मिठो र प्रिय बोलीमा मागन जान्नु, दुर्व्यसन गर्नु कुसंस्कार हो भन्ने चेतना, हटाउनु पर्ने क्यान्सर नै परनिन्दा हो भन्ने दीक्षा, भोलीवादी हटाउनुपर्ने दीर्घरोग हो भन्ने सचेतना, मन वचन र कर्मको सरसफाइ, अनुशासन सकारात्मक सोच, आचार रसायन, सदवृत आदि संस्कारी बन्ने काइदा आयुर्वेद प्रदत्त यस्ता अनुशासनहरु हुन् जसले बढ्दो ग्राफमा रहेको लागू पदार्थको दुर्व्यसनहरुको ग्राफ ओरालो लगाउन र शून्यमा झारी स्वस्थ र समुन्नत व्यक्ति समाज र राष्ट्र निर्माणमा अमृतको काम गर्दछन् ।

**References:**


1. **Nepal Drug user survey 2063, Central Bureau of statistics, Nepal**
2. **Nepal Drug user survey 2076, Ministry of Home affairs, Nepal**
3. **Geeta, Geeta Press Gorakhpur**
4. **Vrihat Trayee**
5. **Vedas**
6. परिवार सुख **, Dr. Raju Adhikari**
7. संस्कारी बन्ने काइदा, **Dr. Raju Adhikari**

8. https://www.youtube.com/results?search_query=hippi+and+junky+culture

9. https://www.youtube.com/watch?v=HYM३bMcxRV८&t=३०७s